11th of April 2026

आकाशवाणी

मुख्य समाचारहरुबाट

1. पश्चिम बंगालमा भाजपाको सरकार बनेमा नागरिकता कानुन अन्तर्गत योग्य आवेदकहरूलाई नागरिकता प्रदान गर्ने प्रक्रिया तीव्र पारिने- मोदीको द◌ाबी
2. Islamabad मा पश्चिम एशिया संघर्ष अन्त्यका लागि अमेरिका र Iran बीच महत्वपूर्ण वार्ता जारी
3. अन्तर्राष्ट्रिय निर्वाचन आगन्तुक कार्यक्रम अन्तर्गत आएका सबै प्रतिनिधिहरू सुव्यवस्थित मतदान प्रक्रिया र उच्च मतदाता सहभागिताबाट अत्यन्त प्रभावित
4. शिक्षक भर्ती घोटालामा पश्चिम बंगालमा छापा, पार्थ चटर्जीमाथि अनुसन्धान तीव्र

5. कालोबजारी र भण्डारण रोक्न देशभर 3400 भन्दा बढी छापा मारिएको सरकारको भनाई

---------

पश्चिम बंगालमा भाजपाको सरकार बनेमा नागरिकता कानुन अन्तर्गत योग्य आवेदकहरूलाई नागरिकता प्रदान गर्ने प्रक्रिया तीव्र पारिने- मोदीको द◌ाबी

पश्चिम बंगालमा विधानसभा चुनावका लागि प्रचार अभियान तीव्र बनेको छ। प्रमुख राजनीतिक दलका नेताहरू व्यापक रूपमा जनसभा र र्‍यालीहरूमा सहभागी भइरहेका छन्।

भाजपाका वरिठ नेता Narendra Modi ले आज कटवा, जांगीपुर र कुशमण्डीमा तीनवटा जनसभालाई सम्बोधन गर्दै Bharatiya Janata Party सत्तामा आएमा पारदर्शी प्रशासन दिने

प्रतिबद्धता जनाउनु भएको छ। श्री मोदीले शरणार्थीहरूलाई सबै संवैधानिक अधिकार प्रदान गरिने र अवैध रूपमा प्रवेश गर्ने घुसपैठियाहरूलाई निष्कासन गरिने बताउनुभएको छ। उहाँले पश्चिम बंगालमा भारतीय जनता पार्टीको सरकार बनेमा नागरिकता कानुन अन्तर्गत योग्य आवेदकहरूलाई नागरिकता प्रदान गर्ने प्रक्रिया तीव्र पारिने बताउनुभयो।

उहाँले अब घुसपैठियाहरूलाई हटाउने समय आएको उल्लेख गर्दै अवैध रूपमा राज्यमा बसोबास गर्दै आएकालाई सहयोग गर्नेहरूलाई समेत नछोडिने चेतावनी दिनुभयो। BYTEE

.....

यसका साथै, उहाँले जहाँ–जहाँ महिलाहरूले ठूलो संख्यामा मतदान गरेका छन्, त्यहाँ भारतीय जनता पार्टीले चुनावमा सफलता हासिल गरेको दाबी गर्नुभयो। प्रधानमन्त्री मोदीले तृणमूल कांग्रेस नेतृत्वको सरकारमा व्यापक भ्रष्टाचार रहेको आरोप लगाउँदै यसबारे भारतीय जनता पार्टीले श्वेतपत्र सार्वजनिक गर्ने पनि जानकारी दिनुभयो। यता, गृहमन्त्री Amit Shah ले बांकुड़ामा आयोजित जनसभामा त्रिणमूल कांग्रेस सरकारद्वारा केन्द्रीय कोषको दुरुपयोग भएको आरोप लगाउँदै आदिवासी समुदायको वास्तविक विकास गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

यसै गरि , मुख्यमन्त्री Mamata Banerjee ले पश्चिम मेदिनीपुर र झारग्राममा आयोजित सभामा Bharatiya Janata Party माथि एनआरसी् र धार्मिक ध्रुवीकरणमार्फत राज्यलाई विभाजित गर्ने प्रयास गरेको आरोप लगाउनु भएको छ।

**Islamabad मा पश्चिम एशिया संघर्ष अन्त्यका लागि अमेरिका र Iran बीच महत्वपूर्ण वार्ता जारी**

Pakistan को राजधानी Islamabad मा पश्चिम एशिया संघर्ष अन्त्यका लागि अमेरिका र Iran बीच महत्वपूर्ण वार्ता भइरहेको छ। अमेरिकी प्रतिनिधिमण्डलको नेतृत्व उपराष्ट्रपति JD Vance ले गर्नुभएको छ भने ईरानको पक्षबाट संसदका अध्यक्ष Mohammad Bagher

Ghalibaf सहभागी हुनुहुन्छ। वार्तामा दुवै पक्षले सकारात्मक परिणामको अपेक्षा व्यक्त गरेका छन्, तर आ-आफ्ना सर्तहरू पनि अघि सारेका छन्।

ईरानले वार्ताअघि लेबनानमा संघर्षविराम र आफ्ना रोकिएका सम्पत्तिहरू फुकुवा गर्नुपर्ने माग राखेको छ भने अमेरिकाले सहकार्यका लागि खुला रहेको तर सर्तहरू थोपर्ने प्रयास स्वीकार नगर्ने स्पष्ट पारेको छ।

छलफलका मुख्य विषयहरूमा ईरानको परमाणु र ब्यालिस्टिक मिसाइल कार्यक्रम, Strait of Hormuz खोल्ने मुद्दा तथा क्षेत्रीय सुरक्षा समावेश छन्। ईरानले थप रूपमा अमेरिकी सैनिकहरूलाई खाडी क्षेत्रबाट फिर्ता बोलाउने, युरेनियम संवर्धनको अधिकार सुनिश्चित गर्ने र लेबनानमा आक्रमण रोक्नुपर्ने माग राखेको छ।

यसअघि अमेरिकाले पनि परमाणु नियन्त्रण, मिसाइल प्रतिबन्ध र समुद्री सुरक्षासम्बन्धी प्रस्ताव अघि सारेको थियो।

## महात्मा ज्योतिबा फुले

राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सीपी राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी तथा लोकसभा अध्यक्ष ओम बिरलाले आज संसद परिसरमा महात्मा ज्योतिबा फुलेको 200औँ जयन्तीको अवसरमा उहाँप्रति पुष्पाञ्जली अर्पण गर्नुभयो।

यस अवसरमा स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डा, सामाजिक न्याय तथा अधिकारिता मन्त्री डॉ. वीरेन्द्र कुमार तथा लोकसभामा प्रतिपक्षका नेता राहुल गाँधीलगायत विभिन्न सांसदहरूले पनि फुलेप्रति श्रद्धाञ्जली अर्पण गरे।

**अन्तर्राष्ट्रिय निर्वाचन आगन्तुक कार्यक्रम अन्तर्गत आएका सबै प्रतिनिधिहरू सुव्यवस्थित मतदान प्रक्रिया र उच्च मतदाता सहभागिताबाट अत्यन्त प्रभावित**

22 देशका प्रतिनिधिहरूले असम, केरल तथा पुदुचेरीमा सम्पन्न विधानसभा निर्वाचनका क्रममा भारतको निर्वाचन प्रक्रियाको प्रशंसा गरेका छन्। भारतको निर्वाचन आयोगद्वारा आयोजित अन्तर्राष्ट्रिय निर्वाचन आगन्तुक कार्यक्रम–2026 अन्तर्गत 38 जना प्रतिनिधिहरू दुई दिने भ्रमणका लागि भारत आएका थिए। आयोगले जारी गरेको एक विज्ञप्तिमा सबै प्रतिनिधिहरू सुव्यवस्थित मतदान प्रक्रिया र उच्च मतदाता सहभागिताबाट अत्यन्त प्रभावित भएको उल्लेख गरिएको छ।

ती प्रतिनिधिहरूले निर्वाचन व्यवस्थापनको व्यापकता अवलोकन गर्ने अवसर प्रदान गरेकोमा भारतको निर्वाचन आयोगप्रति आभार व्यक्त गर्दै पारदर्शिता, समावेशिता तथा उत्कृष्टताप्रति आयोगको प्रतिबद्धताको प्रशंसा गरेको विज्ञप्तिमा जनाईएको छ।

**शिक्षक भर्ती घोटालामा पश्चिम बंगालमा छापा, पार्थ चटर्जीमाथि अनुसन्धान तीव्र**

प्रवर्तन निदेशालयले पश्चिम बंगालमा शिक्षक भर्ती घोटालासँग सम्बन्धित प्रकरणमा पूर्व शिक्षा मन्त्री पार्थ चटर्जी तथा अन्य केही व्यक्तिहरूविरुद्ध खोजतलास अभियान सञ्चालन गरिरहेको छ।

निदेशालयले कोलकातामा कर्मचारी चयन आयोग भर्ती घोटालासँग सम्बन्धित दुई स्थानमा आज छापा मारेको जनाएको छ। पार्थ चटर्जीको निवास तथा प्रसन्ना कुमार रॉयको कार्यालयमा तलाशी भइरहेको छ। रॉय हाल न्यायिक हिरासतमा रहेका छन्।

कर्मचारी चयन आयोग भर्ती प्रकरणमा पार्थ चटर्जीलाई तीन पटक उपस्थित हुन समन जारी गरिएको भए पनि, उनी एकपटक पनि उपस्थित भएका थिएनन्। उनलाई यस घोटालासम्बन्धी मुद्दामा  जुलाई 2022 मा पक्राउ गरिएको थियो। पछि सर्वोच्च न्यायालयले 2025 मा सशर्त जमानत प्रदान गरेको थियो।

प्राथमिक शिक्षक, सहायक शिक्षक तथा समूह 'सी' र 'डी' कर्मचारीहरूको भर्तीसम्बन्धी विभिन्न मुद्दाहरूमा पार्थ चटर्जीमाथि अनुसन्धान जारी रहेको छ।

## Mauritius भ्रमण

विदेश मन्त्री डा. Subrahmanyam Jaishankar को दुई दिने Mauritius भ्रमण सफलतापूर्वक सम्पन्न भएको छ।

विदेश मन्त्रालयका प्रवक्ता Randhir Jaiswal ले सामाजिक सञ्जालमार्फत जानकारी दिँदै यस भ्रमणका क्रममा स्वास्थ्य, प्रदूषणमुक्त यातायात, क्षमता विकास, शिक्षा तथा पूर्वाधारजस्ता महत्वपूर्ण क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल भएको बताएका छन्।

## कालोबजारी र भण्डारण रोक्न देशभर 3400 भन्दा बढी छापा मारिएको सरकारको भनाई

सरकारले देशभर एलपीजी सिलिन्डर आपूर्ति सामान्य रहेको जनाएको छ। हिजो मात्रै 52.5 % लाखभन्दा बढी सिलिन्डर वितरण गरिएको छ भने कालोबजारी र भण्डारण रोक्न देशभर 3400 भन्दा बढी छापा मारिएको छ।

सार्वजनिक क्षेत्रका तेल कम्पनीहरूले अनुगमन कडा बनाउँदै 214 वितरकलाई जरिवाना र 55 जना लाई निलम्बन गरेका छन्। विशेष गरी विद्यार्थी र मजदुरहरूलाई लक्षित गर्दै 5 केजीका एलपीजी सिलिन्डरको बिक्री उल्लेखनीय रूपमा बढ्आईएको  पनि सरकारले जानकारी गराएको छ।

ग्यास आपूर्ति बढाएर मल कारखानाहरूलाई प्राथमिकता दिइएको छ भने पीएनजी जडान पनि तीव्र रूपमा विस्तार भइरहेको छ।

यसैबीच, पश्चिम एशिया क्षेत्रमा रहेका भारतीय जहाज र नाविकहरू सुरक्षित रहेका छन्। Jag Vikram नामक जहाज सुरक्षित रूपमा होर्मुज जलडमरू हुँदै मुम्बईतर्फ आईरहेको छ।

------